आज मिति २०७० साल साउन २१ गते आइतबार दिउँसोको ११ बजे रोल्पा जिल्लाको अनुसन्धानकर्ता प्रहरीहरु र अभियोजनकर्ता जिल्ला न्यायाधिवक्ताको संयुक्त बैठक जिल्ला न्यायाधिवक्ता श्री चुडामणि पराजुलीको संयोजकत्वमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको विषयहरुमा छलफल तथा निर्णय गरीयो।

उपस्थिति

१. जिल्ला न्यायाधिवक्ता श्री चुडामणि पराजुली, जि.स.व.का. रोल्पा
प्रहरी नायब उपरिक्षक श्री श्याम कुमार साकु मगर, जि.प्रहरी का. रोल्पा
सहायक जिल्ला न्यायाधिवक्ता श्री प्रतिमा दाहाल, जि.स.व.का. रोल्पा
प्रहरी निरीक्षक श्री प्रकाश भुसाल, जि.प्र.का. रोल्पा
" " श्री देवीराम भण्डारी, जि.प्र.का. रोल्पा
" " श्री मधुसुदन वि.क. इलाका प्रहरी कार्यालय ~~[illegible]~~ होलेरी
" " श्री देवराज भट्टराई, इलाका प्रहरी कार्यालय, घर्तीगाउँ
प्रहरी नायब निरीक्षक श्री दिवस हेताङ नेपाली, जि.प्र.का. रोल्पा
" " " श्री भुवन सिं रेग्मी, " "
नायब सुब्बा श्री वासुदेव पन्थी, जि.स.व.का. रोल्पा

छलफलका लागि प्रस्तावहरु:-
१. तामेलीमा राखेको मुद्दाका सम्बन्धमा,
२. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ तथा बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको अनुसन्धान तथा अभियोजन सम्बन्धमा,
३. फौजदारी मुद्दाको मेलमिलाप सम्बन्धमा,
४. बालबालिका संलग्न भएका मुद्दाहरुको सम्बन्धमा।
५. विविध।

निर्णयहरु:-
निर्णय नं. १.– प्रस्ताव नं. १मा छलफल गर्दा नेपाल राजपत्र खण्ड ६३, संख्या १८ भाग ४ मिति २०७०।०३।२५ गतेमा प्रकाशित सूचना बमोजिम नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ४५ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा

निहीत अधिकार मातहतका सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गर्नु भएको अधिकार २०८०।०४।०१ देखि लागू हुने गरी हेरफेर भएकोमा आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसुर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भईसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने गरी अधिकार प्रत्यायोजन भएको जानकारी लिंदै अनुसन्धान निकायले सो प्रकृतिका मुद्दामा अनुसन्धान गर्दा वारदात भएको तत्कालै घटना विवरण कागज गर्ने गरेको अधिकांश मिसिलहरुमा नदेखिएकोले मृत्यु भएको व्यक्तिको नजिकका नातेदार समेतको तत्कालै घटना विवरण कागज गर्ने, वस्तुगत अनुसन्धान गरी दुई वर्ष म्यादलाई समेत ध्यान दिंदै समयमा राय सहित जि.स.व.का.मा मिसिल पेश गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. २मा छलफल गर्दा नेपाल सरकारद्वारा नेपाल राजपत्र खण्ड ७३, संख्या १४, भाग २ मिति २०८०।०३।११ गतेमा प्रकाशित सूचना बमोजिम विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद –९ मा उल्लेख भए बमोजिमका कसुर तथा कैद्ँड कसुर तथा सजाय ऐन, २०६४ को दफा ३को खण्ड(ग) बमोजिमको मुद्दा दायर गर्ने प्रयोजनको लागि मुलुक अदालत सम्बन्धित जिल्ला अदालतलाई तोकिएकोले उल्लेखित मुद्दाहरुमा अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउनका लागि सरोकारवाला निकायहरुले उपलब्ध स्रोत साधनहरुको उच्चतम उपयोग गर्ने, क्षमता अभिवृद्धि गर्ने तथा आपसी सहयोग, समन्वय, सहकार्य गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. ३मा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको च.नं. ४० मिति २०८०।०४।११ गतेको पत्रबाट लेखि आए बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्दा गर्दा अपनाउनुपर्ने मापदण्ड सम्बन्धी जानकारी लिई सरकारवादी हुने फौजदारी मुद्दा मध्ये मिलापत्र हुने प्रकृतिका मुद्दाहरुमा तोकिए बमोजिमको मापदण्डलाई अनिवार्य रुपमा पालना गर्ने/गराउने निर्णय गरीयो।

प्रस्ताव नं. ४ मा छलफल गर्दा बालबालिका संलग्न भएको मुद्दाहरूमा बालबालिकाको सम्बन्धमा छुट्टै मिसिल खडा गरी अनुसन्धान तथा अभियोजन गर्ने, सामाजिक-पारिवारीक प्रभाव प्रतिवेदन, मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गरी गराई अनिवार्य रूपमा मिसिल संलग्न गर्ने, आवश्यक गोपनियता कायम राख्ने लगायतका तोकिएका कार्यहरू परिपालना गर्ने गराउने निर्णय गरीयो।

प्रस्ताव नं. ५ मा छलफल गर्दा सरकारवादी फौजदारी मुद्दाहरूको अनुसन्धान कार्य गर्दा ~~Crime scene~~ तपसिलका कार्यहरूमा ध्यान पुऱ्याउने-

- Crime sceneको फोटोहरू मिसिल संलग्न गर्ने,
- सम्भव भएसम्म रेखाचित्रण गर्ने समेतको कार्यबाट अनुसन्धानलाई वस्तुगत बनाउने निर्णय गरीयो।